परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष २ •अंक ४९ •२०८० जेष्ठ ८ गते सोमबार •(22 May-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## सत्कर्मको वार्षिकोत्सवमा बिरामीलाई फलफुल वितरण

■ अनु खनाल




बर्दिबास । महोत्तरीको रहेको सत्कर्म कृषि सहकारी संस्था लिमिटेडले छैठौं वार्षिक उत्सव कार्यक्रम गरेको छ। वार्षिक उत्सवको अवसर पारेर सहकारीले बर्दिबास अस्पतालका १० जना विरामी एवम् सुत्केरी संग भेटघाट समेत गरेको छ । भेटघाटका क्रममा विरामी तथा सुत्केरी हरुलाई फलफुल समेत वितरण गरिएको सत्कर्म कृषि सहकारी संस्थाका अध्यक्ष सुशिला थापाले जनाइन् । यसै क्रममा सहकारीद्धारा वार्षिकोत्सवका अवसरमा आयोजना गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा वक्ताहरुले सहकारीले सेयर सदस्यका पिरमर्कालाई आत्मसाथ गर्दै स्थानीय किसान सदस्यहरुलाई प्रोत्साहित गर्नुपर्ने बताए । वार्षिक उत्सवकै अवसर पारेर सहकारीमा कार्यरत कर्मचारी मनिता थापाको विदाई गर्दै सम्मान पत्र समेत हस्तान्तरण गरेको सहकारीका व्यवस्थापक अम्बिका बानियाँले बताइन् । कार्यक्रममा सहकारीका उपाध्यक्ष पुष्पराज पौडेल, सचिव मकर बहादुर कार्की, कोषाध्यक्ष चेत कुमार थापा, सदस्यहरु , लेखा समिति संयोजक वैकुण्ठ प्रसाद देवकोटा, शिक्षा समिति संयोजक अर्जुन गौतम सल्लाहकार उषा ढकाल, संस्थापक अध्यक्ष गोविन्द प्रसाद पौडेल, कर्मचारी लगाएतको उपस्थिति रहको थियो। सत्कर्म कृषि सहकारी संस्थाले विगतका केहि वर्षदेखि किसान सदस्यहरुका लागि मलखाद समेत विक्री वितरण गरिरहेको छ ।

## समानुपातिक सांसद चुन्ने प्रक्रियाका कारण लोसपा राष्ट्रिय दल बन्न सकेन : मन्त्री भण्डारी



■ टक नेपाल

महोत्तरी । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीले लोकतान्त्रिक समाजवादी पार्टी नेपाल राष्ट्रिय पार्टी बन्न नसक्नुको मूल कारण समानुपातिक सांसद चुन्ने पक्रिया रहेको बताएका छन्। गृह जिल्ला पुगेका भण्डारीले लोसपाले पछिल्लो निर्वाचनभन्दा कमजोर प्रदर्शन गरेपनि राष्ट्रिय दल बन्न सक्ने क्षमता हुँदाहुँदै पनि त्यस्तो नसकेकोमा दुःख व्यक्त गरेका हुन् । समानुपातिक सांसद चुन्ने प्रक्रियाका कारण लोसपा राष्ट्रिय दल बन्न नसकेकोमा मन्त्री भण्डारीले चिन्ता व्यक्त गरे । मन्त्रालयको कार्यभार सम्हालेपछि पहिलो पटक गृहजिल्ला पुगेका मन्त्री भण्डारीले पछिल्लो निर्वाचनमा लोसपाभन्दा कमजोर प्रदर्शन गरेको दलपनि राष्ट्रिय बनेको तर प्रत्यक्षमा चार सीट जितेर पनि लोसपा समानुपातिक सांसद चुन्ने प्रक्रियाका कारण राष्ट्रिय दल बन्न नसकेको बताए । लोसपाले अबको ४ वर्षपछि हुने निर्वाचनमा राम्रो नतिजा ल्याउने दावी गर्दै मन्त्री भण्डारीले अहिलेदेखि नै त्यसको तयारीमा लाग्न कार्यकर्ताहरुलाई निर्देशन दिए । उनले वैदेशिक रोजगारलाई व्यवस्थित र सुरक्षित बनाउनकालागि लुकीछिपी काम गर्दै आएका नेपालीहरुलाई पुनः श्रम स्वीकृति दिने व्यवस्था मिलाउन लागिएको बताए । प्रदेशमै वैदेशिक रोजगारीमा जानेहरुका लागि सीप, भिसा उपलब्ध गराउनुका साथै विदेशबाट फर्किएकाहरुका लागिसमेत उचित व्यवस्था मिलाइने उनले जानकारी दिए । मन्त्री भण्डारीले सोनामाई, रौजा मजार, कारिकबाबा स्थान, लक्ष्मीनारायण मठमा पुगेर पुजाअर्चना समेत गरेका छन् ।

## संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाप्त पार्ने खेल भइरहेको छ : जसपा अध्यक्ष यादव

■ टक नेपाल




जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले नेपालको राजनीति तिव्रगतिमा ध्रुवीकरण भइरहेको बताएका छन् । आइतबार जनकपुरधाममा आयोजित एक कार्यक्रममा बोल्दै अध्यक्ष यादवले संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाप्त पार्ने र फेरि मुलुकलाई पछाडि धकेल्ने भरपुर प्रयासहरु भइरहेको बताए । उनले यसमा मधेसको नाममा रहेका केही शक्तिलाई पनि परिचालित गरिएको दाबीसमेत गरेका हुन् । उनले भने, 'संघीयतालाई समाप्त पार्ने विभिन्न खेलहरु अहिले पनि भइरहेका छन् । त्यसैले संघीयतालाई संस्थागत गर्न र यसलाई स्थापित गर्न इतिहासको गतिलाई अगाडि बढाउनु पर्ने आजको महत्वपूर्ण आवश्यकता छ । जसपा नेपाल सदैव संघीय गणतन्त्रलाई संस्थागत गर्दै अगाडि बढ्ने पक्षमा छ । यसबाट हामी एक कदम पनि पछाडि हट्नेवाला छैनौं ।' अबको आवश्यकता संघीय प्रणाली, जनताको संघर्ष र बलिदानको उपलब्धि रहेको भन्दै अध्यक्ष यादवले प्रदेशलाई अधिकार सम्पन्न बनाउनु पर्नेमा जोड दिए । 'प्रदेश सरकारलाई मजबुत बनाउनु पर्छ । प्रदेश सरकारसँग अहिले न त प्रहरी प्रशासन छ न त आर्थिक स्रोत छ । यस्तो पनि सरकार हुन्छ ?, प्रश्न गर्दै उनले भने, 'एउटा कुनै चोरलाई पनि समात्यो भने उसलाई अदालत लग्ने अधिकार पनि प्रदेश सरकारसँग छैन् । यस्तो अवस्थाको अन्त्य गर्नुपर्छ ।' संघीयता विरोधी तत्वहरुको विपरीत गतिविधि रहेको बताउँदै उनले प्रदेशको अधिकार कटौति गर्ने, आर्थिक स्रोतलाई कटौति गर्दै विस्तारै कमजोर पारेर काम नै गर्न सक्ने अवस्थामा नल्याई समाप्त पार्ने षडयन्त्र भइरहेको जिकिरसमेत गरे । 'संसदमा संघीय निजामति ऐन, कर्मचारी समायोजन, प्रदेश प्रहरी गठन र आर्थिक स्रोत साधनमा प्रदेशको अधिकार बारे आवाज उठाउनु पर्छ, 'उनले भने, कर्मचारीतन्त्र अहिले पनि हावी छ । संघीयतालाई बाध्यतावस स्वीकार गरेपनि संघीयता विरोधी तत्वको नीति निर्माणले यो देश चलिरहेको छ ।' नक्कली भुटानी शरणार्थी प्रकरणबारे अध्यक्ष यादवले भने, 'आजभन्दा ७/८ सय वर्ष पहिले मानव व्यापार भइरहेकोमा त्यो कामले अहिले आधुनिक रुप लिएको छ ।

-बाँकी पृष्ठ ४ मा

## १० महिनामा साढे ६ लाख नेपाली विदेशिए, बैशाखमा मात्र ५४ हजारभन्दा बढीले लिए स्वीकृति

■ टक नेपाल

काठमाडौं । चालु आर्थिक वर्षको १० महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या साढे ६ लाख नाघेको छ । आर्थिक वर्ष सकिन २ महिना बाँकी रहेको समय नयाँ श्रम स्वीकृति लिएर एवम् पुरानो स्वीकृति नवीकरण गरेर वैदेशिक रोजगारीमा जानेको संख्या ६ लाख ६० हजार २५५ पुगेको वैदेशिक रोजगार विभागले जनाएको छ । कोरोना महामारी सुरु भएपछि सुस्ताएको वैदेशिक रोजगारीमा जानेको संख्या यो वर्ष पुनः नयाँ कीर्तिमान राख्ने बाटोमा अग्रसर छ । विदेशबाट श्रमिकको माग बढ्दा यो वर्षका केही महिनामा वैदेशिक रोजगारीमा जानेको संख्या ७० हजारभन्दा माथि थियो । तर, पछिल्ला महिनामा यस्तो संख्या विस्तारै कम हुँदै गएको छ। वैशाख महिनामा ५४ हजार ४५७ जना युवाले विदेश जान श्रम स्वीकृति लिएका छन् । जसमध्ये ४ हजार ९४८ जना महिला र ४९ हजार ५०९ जना पुरुष श्रमिक छन् । चैत महिनामा मात्रै ६१ हजार ४७८ जना नेपाली युवा श्रमका लागि स्वीकृति लिएर विदेश गएका थिए । वैदेशिक रोजगार विभागका अनुसार वैशाखसम्म ४ लाख २१ हजार २७९ जनाले अन्तिम (नयाँ) श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत) लिएका छन् । यो अवधिमा २ लाख ४४ हजार ९९६ जनाले पुनः श्रम स्वीकृति लिएर विदेश उडेका छन् । विभागको तथ्यांकअनुसार वैशाख महिनामा मलेसियाका लागि १४ हजार ६३७ जना, कतारका लागि १० हजार २३० जना, युनाइटेड अरब इमिरेट्समा मात्र ९ हजार ४८३ जना श्रमका लागि गएका छन् । साउदी अरबमा ८ हजार ६८१ जना पुगेका छन् । कोरिया जान २ हजार ५७४ जनाले र कुवेतका लागि २ हजार ११० जनाले स्वीकृति लिएका छन् । रोमानियामा १ हजार ६०६, जापानमा ८१७, बहराइनमा ५०५, पोल्याण्डमा ६३५, साइप्रसमा ४६० ओमानमा ३५० र मकाउमा ३२३ जना नेपाली रोजगारीका लागि गएका छन् ।

## ....सम्पादकीय

### नीतिगत भ्रष्टाचारको पारो

निजामती प्रशासनमा कर्मचारी सरुवा नियमित प्रक्रिया भए पनि पछिल्ला दिनमा ठूला पदमा हुने सरुवामा राजनीतिक नेतृत्वको अत्यधिक रुचि बढ्दै जाँदा त्यसले आशंका जन्माएको छ। राजनीतिक नेतृत्वले मुलुकको विकास, सुशासन र समृद्धिका योजना तथा खाकाहरु बनाउन छोडेर कर्मचारी सरुवा, बढुवामा रुचि राख्नु गलत हो। सरकारका महत्वपूर्ण निकायमा आफ्नो संयन्त्र खडा गर्ने र त्यसबाट फाइदा लिने उद्देश्य केही बाहिरी तत्वहरुले राख्ने गरेको देखिन्छ । त्यस्ता तत्वहरुले यसका लागि साम, दाम, दण्ड, भेदको नीतिसमेत अख्तियार गर्ने गरेका छन् । त्यस्ता तत्वहरुले नीतिगत अनियमितताको आधारभूमि बनाउन ठूला सरुवामा हस्तक्षेप गर्ने गरेका छन् । सामान्यतया सचिव, सहसचिवको सरुवा मुख्य सचिवको सल्लाहमा मन्त्रिपरिषद्ले गर्दा त्यो प्रभावकारी हुन्छ । तर पछिल्ला दिनमा हुने सहसचिव र सचिवको सरुवामा मुख्य सचिवसमेत बेखबर हुने गरेका छन्, जुन निकै दुःखद पक्ष हो। सचिव, सहसचिव, महानिर्देशकको सरुवामा राजनीतिक नेतृत्वको रुचि र चाख बढ्दै जाँदा सरुवा अपारदर्शी बनेको छ। उच्च तहमा हुने अस्वाभाविक र अपारदर्शी सरुवाले नीतिगत अनियमितता (पोलिसी करप्सन) बढाउन मद्दत गरिरहेको देखिन्छ । त्यस्ता तत्वहरुले आफू अनुकूलका व्यक्तिहरुलाई विभिन्न महत्वपूर्ण ठाउँमा फिट गराएर नीतिगत अनियमितताको लागि आधारभूमि बनाउने काम गरिरहेका छन् । हाम्रो राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व त्यस प्रकारको नीतिगत भ्रष्टाचारको जालोमा बेरिन पुगेका छन्। यो सबै स्वार्थी र लोभी प्रवृत्तिका कारण भएको हो। नीतिगत भ्रष्टाचारको डिजाइनिङ गर्ने अदृश्य शक्तिले राजनीतिक नेतृत्वलाई आफ्नो बसमा पारेर प्रशासनिक नेतृत्वको समेत फेरबदल गर्ने गरेका छन् । अहिले पनि सिंहदरबारका बन्द कोठामा विभिन्न खाले जाली तमसुकहरु बनिरहेका छन् । राजनीतिक नेतृत्व, प्रशासनिक नेतृत्व र अदृश्य शक्तिको मिलेमतोमा बन्ने त्यस प्रकारको जाली तमसुकका बारेमा बाहिर कमै मात्रै सार्वजनिक हुने गरेका छन्। नक्कली भुटानी शरणार्थी प्रकरण त्यसैको एउटा रुप हो । तर सिंहदबारभित्र यस्ता कैयौँ प्रकरणहरु छन् र ती अधिकांश गोप्य अवस्थामा नै छन्। अब ती सबै काला करतुतहरुको खोजतलास जरुरी छ । सामान्यतः राजनीतिक नेतृत्वको मुख्य काम विभिन्न खालका नीतिगत योजना ल्याउने र त्यसलाई कार्यान्वयन गराउनु हो। कार्यान्वयन गर्ने जिम्मेवारी प्रशासन संयन्त्रको हो । कार्यान्वयन गर्ने निकायमा कर्मचारीको व्यवस्थापन गर्ने जिम्मेवारी तालुक निकायको प्रमुखको हो। राजनीतिक नेतृत्वले नीतिगत योजना कार्यान्वयन भए/नभएको अनुगमन गरी कार्यान्वयन गर्न निर्देशन दिन सक्छ तर कार्यान्वयन गर्ने निकायमा आफू निकट कर्मचारी राख्ने प्रवृत्ति राजनीतिक नेतृत्वमा बढ्दै जाँदा समस्या देखिएको हो। राजनीतिक नेतृत्वले कर्मचारीको सरुवा प्रणालीलाई वैज्ञानिक र अनुमानयोग्य बनाउनुभन्दा आफूले चाहेको अवस्थामा जसलाई जतिखेर जहाँ पनि लैजान सक्ने गरी गलत परम्पराको विकास गरेका छन्, जसले प्रशासनमा चरम विकृति निम्त्याइरहेको देखिन्छ। अहिले सरुवामा अत्यधिक विकृति बढिरहेको देखिन्छ । पहिला-पहिला खरिदार, सुब्बाको सरुवामा बढी विकृति देखिन्थ्यो तर पछिल्ला समयमा भने सचिव, सहसचिव र महानिर्देशकको सरुवामा बढी विकृति देखिन थालेको छ। अदृश्य शक्तिले कुनै विशेष स्वार्थको लागि सचिव, सहसचिव र महानिर्देशकलाई आफू अनुकूल सरुवा गराउने र उनीहरुमार्फत नै विद्यमान नीति, कार्यनीति, नियम, कानुन, नियमावलीमा समेत संशोधन गराउने गर्छन्, अहिले पनि त्यस्तै भइरहेको छ, जसका कारण नीतिगत भ्रष्टाचारले बढावा पाइरहेको देखिन्छ।

# ‘नीति तथा कार्यक्रमले जनतामा आशा जगाएको छ’



■ टक नेपाल

काठमाडौं। सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ नीति तथा कार्यक्रममा समेटिएका विषयले जनतामा आशा जगाएको सत्तापक्षका सांसदहरुले बताउनुभएको छ । साथै प्रतिपक्षी दलका सांसदले भने नीति तथा कार्यक्रममा नयाँ केही नभेटिएको टिप्पणी गर्नुभएको छ । राष्ट्रियसभाको आजको बैठकमा यही जेठ ५ सङ्घीय संसद्मा प्रस्तुत भएको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममाथि भइरहेको छलफलमा सांसदहरुले समर्थन र विरोधमा धारणा राख्नुभएको हो । सत्तारुढ नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) का सांसदले नीति तथा कार्यक्रमले सबै विषयलाई सन्तुलित ढङ्गले समेटेको बताइरहँदा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसदहरुले नीति तथा कार्यक्रममा नयाँ कुरा नभएको भन्दै परम्परागत ढङ्गका कार्यक्रम मात्रै राखिएको बताउनुभएको छ। साथै उहाँहरुले नीति तथा कार्यक्रममा समेटिएका विषयको प्रभावकारी कार्यान्वयन तथा छुटेका विषयलाई बजेटमा समावेश गर्न पनि सुझाव दिनुभएको छ। अर्थतन्त्रको संरचनागत सुधार, गुणस्तरीय पूर्वाधार, रोजगारी सिर्जना र उत्पादकत्व वृद्धि गर्नेजस्ता कार्यक्रम राम्रा भएको उहाँहरुको भनाइ थियो । नेपाली कांग्रेसका सांसद जीतेन्द्रनारायण देवले आगामी आर्थिक वर्षका लागि सरकारले प्रस्तुत गरेको नीति र कार्यक्रम निकै मेहनतका साथ आएको भन्दै समर्थन जनाउनुभयो। उहाँले आर्थिक समस्याको पहिचान र समस्या समाधानको पहल, कूटनीतिक सम्बन्ध सुधारका साथै सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रण गर्ने गरी नीति कार्यक्रममा राम्रा विषय समेटिएको उल्लेख गर्नुभयो। ‘फूलको आँखामा फुलै संसार, काँडाको आँखामा काँडै सन्सार’ भनेजस्तै यो नीति तथा कार्यक्रमलाई कुन आँखाले हेर्ने त्यसै अनुरुपको भन्दै सांसद देवले यो कार्यक्रमलाई फूलको आँखाबाट हेर्न र यसको कार्यान्वयनका लागि सबैको सक्रिय सहयोग चाहिने खाँचो औँल्याउनुभयो । उहाँले नीति तथा कार्यक्रममा कृषि, पर्यटन क्षेत्रको विकासका लागि ल्याइएको कार्यक्रम सकारात्मक रहेको भन्दै उत्पादनमूलक अर्थतन्त्रको विकासमा जोड दिइएकाले मुलुकको समृद्धिमा टेवा पुग्नेमा विश्वास व्यक्त गर्नुभयो । देशभित्रका प्रमुख उत्पादनको समर्थन मूल्य तोक्ने, मलखादको व्यवस्था, बहुवर्षीय योजनाका आधारमा देशभित्रै मल कारखाना खोल्ने जस्ता महत्वपूर्ण विषय समेटिएकाले नीति तथा कार्यक्रमले किसानलाई उत्साहित बनाएको उहाँको सांसद देवको भनाइ थियो। नेकपा (एकीकृत समाजवादी) का खिमलाल देवकोटाले समग्रमा सरकारको नीति तथा कार्यक्रम राम्रो रहेको र यसको व्यावहारिक कार्यान्वयमा जोड दिनुपर्ने औँल्याउनुभयो । उहाँले भन्नुभयो, “अघिल्ला माननीयले भनेजस्तै सरकारको नीति तथा कार्यक्रम ‘फूलको आँखामा फुलै संसार’ जस्तो छ। यसलाई बजेटमा अझ समृद्ध बनाएर कार्यान्वयनमा लैजानसके मुलुकको आर्थिक समृद्धिमा टेवा पुग्नेछ।” निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने घोषणा गरिनु सकारात्मक रहे पनि विगतका सरकारले पनि हरेक वर्ष यो विमानस्थल बनाउने प्रतिबद्धता जनाए पनि कार्यान्वयन नभएको सन्दर्भमा यो वर्ष कार्यान्वयन हुनुपर्नेमा उहाँले जोड दिनुभयो । सांसद नारायणप्रसाद दाहालले पनि सरकारको नीति तथा कार्यक्रमले जनतामा नयाँ आशा जगाएको बताउनुभयो। उहाँले सोहीअनुसार बजेट आए ऊर्जा थपिनेछ बताउनुभयो । सांसद दाहालले अर्थतन्त्रका सम्भावित सङ्कटलाई सुधार गरेर लैजाने कार्यमा सबैको सक्रियता चाहिने बताउनुभयो । नेकपा (माओवादी केन्द्र) का गोपीबहादुर सार्की अछामीले नीति तथा कार्यक्रम राम्रो र वस्तुनिष्ट ढङ्गले आएको भन्दै समर्थन जनाउनुभयो। उहाँले चुनौतीपूर्ण अवस्थामा रहेको राष्ट्रिय अर्थतन्त्रलाई सुधारेर लैजाने, रोजगारी सिर्जना गर्ने र कृषिलाई प्राथमिकता दिएर आएको कार्यक्रम निकै प्रशंसनीय रहेको उल्लेख गर्नुभयो । सरकारले भ्रष्टाचार नियन्त्रण, सुशासन र सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय काम गरिरहेकाले जनतामा आशा जगाएको उहाँले बताउनुभयो । माओवादी केन्द्रकै महेश कुमार महराले नीति तथा कार्यक्रम व्यावहारिक र वस्तुवादी रहेकाल प्रभावकारी कार्यान्वयनका लागि सरकारले ध्यान दिनुपर्ने खाँचो औँल्याउनुभयो । नेकपा (एमाले)का सांसद देवेन्द्र दाहालले नीति तथा कार्यक्रममा नयाँपन नभेटिएको र पुरानै कार्यक्रमको निरन्तरता भएको बताउनुभयो । उहाँले समावेश गरिएका कतिपय विषयवस्तु सस्तो लोकप्रिय कमाउने किसिमका रहेको टिप्पणी गर्नुभयो। समस्या पहिचान, प्राथमिकता र गन्तव्यलाई नीति तथा कार्यक्रमले प्रष्टरुपमा समेट्न नसकेको उहाँले बताउनुभयो । एमालेकै शारदादेवी भट्टले परम्परागत ढङ्गले आएको नीति तथा कार्यक्रमले प्रभावकारी कार्यक्रम समेट्न नसकेको बताउनुभयो । उहाँले आर्थिक सङ्कटलाई सम्बोधन गर्नेगरी कार्यक्रम आउन नसकेको उल्लेख गर्नुभयो । नेकपा (एकीकृत समाजवादी) का राजेन्द्र लक्ष्मी गैरेले दिगो विकासका लक्ष्य हासिल गर्नेगरी नीति तथा कार्यक्रममा समेटिएको बताउनुभयो। बालसंरक्षण, बालविवाह रोक्ने, शिशु, मातृमृत्युदर घटाउनेजस्ता राम्रा कार्यक्रम समेटिएकाले यसको व्यावहारिक कार्यान्वयन हुनुपर्नेमा उहाँको जोड थियो । नेपाली कांग्रेसका नारायणदत्त मिश्रले समग्रमा सरकारको नीति तथा कार्यक्रम राम्रो रहेको र यसको व्यावहारिक कार्यान्वयन कसरी हुन्छ भनी प्रश्न गर्नुभयो । एकीकृत समाजवादीका उदयबहादुर बोहोराले नीति तथा कार्यक्रममा समेटिएका कतिपय नयाँ कार्यक्रमले मुलुकको अर्थतन्त्रलाई टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सरकारी खर्चमा मितव्ययिता र विकास खर्चको वृद्धि नीति तथा कार्यक्रमको उत्कृष्ट विषय भएको बताउनुभयो। माओवादी केन्द्रका भूवनबहादुर सुनारले नीति तथा कार्यक्रममा नयाँ र लोकप्रिय कार्यक्रम समावेश हुनु निकै सकारात्मक भएको बताउनुभयो । एमालेका गोपाल भट्टराईले नीति तथा कार्यक्रमको गन्तव्य नभेटिएको तथा अघिल्लो वर्षको कार्यक्रमको समीक्षा हुन जरुरी रहेको बताउनुभयो। माओवादी केन्द्रका राधेश्याम पासवानले राम्रा विषय समेटिएको नीति तथा कार्यक्रमलाई बजेटमा पनि प्राथमिकता दिएर कार्यान्वयन गरिनुपर्ने खाँचो औँल्याउनुभयो ।

**तीन सांसदको संशोधन प्रस्ताव**

सरकारले सङ्घीय संसद्मा प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममाथि राष्ट्रियसभाका तीन सांसदले संशोधन प्रस्ताव दर्ता गराउनुभएको छ । राष्ट्रियसभाको आजको बैठकमा राष्ट्रपतिबाट यही जेठ ५ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सरकारको नीति तथा कार्यक्रममा नेकपा (एमाले) का सांसद तुलसाकुमारी दाहाल, विमला घिमिरे र डा विमला राई पौड्यालको तर्फबाट सांसद भगवती न्यौपानेले संशोधन प्रस्ताव प्रस्तुत गर्नुभएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | नयाँ काम प्रारम्भ गर्ने समय छ। | तुला | परिस्तिथिवश काममा ढिलासुस्ती हुन सक्छ। |
| बृष | अध्ययनशील प्रवृत्तिले फाइदा दिलाउनेछ। | वृश्चिक | परिस्थिति केही असहज रहने समय छ। |
| मिथुन | कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। | धनु | काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ। |
| कर्कट | बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउला। | मकर | द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। |
| सिंह | व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। | कुम्भ | प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। |
| कन्या | कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ। | मीन | आश्वासन दिनेहरूले आफ्नो प्रतिबद्धता पूरा नगर्न सक्छन्। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ManaraShiswa Municipality,**
**Office Of Municipal Executive,Manara,Mahottari**
**Madhesh Province**

**Invitation for Sealed Quotations**

**Date of publication: 2080/02/08( May 22, 2023)**

1. **ManaraShiswa Municipality,Office Of Municipal Executive,Manara,Mahottari** invites sealed quotations from Nepalese eligible bidders for the Procurement Of Goods as Mentioned Below in the table.

| S.N. | Contract ID | Description Of Project | Total Estimated Amount (Nrs)Exclusive of PS & VAT | Bid document fee | Last Date & Time Of Bid document Purchase | Last Date & Time Of Bid Submission | Bid Opening Date & Time | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity |
| i | Mun/Manara/Goods /SQ/7/2079/80 | जनताको रहर, हरित शहर अन्तर्गत (Supply & Delivery Of Tree Guards ) | 17,05,456.17 | 1000 | 2080-02-22(june 5,2023) During Office Hours | 2080-02-23(june 6,2023) 12 Hours | 2080-02-23(june 6,2023) 13 hours | 45 days | 50,000 | 75 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **ManaraShiswaMunicipality,Office Of Municipal Executive,Manara,Mahottari,**email-manarasishwamun.gov@gmail.com.

3. A complete set of Bidding Documents may be purchased from the **ManaraShiswa** Municipality,Office Of Municipal Executive, Manara, Mahottari by eligible bidders on the submission of a written application along with the copy of company/firm registration certificate.

4. Sealed Quotation must be submitted to the **ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari** by hand (Hardcopy Submission)on or before as mentioned in the table above. Bids received after this deadline will be rejected.

5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at Date And time as mentioned in the table above at the office of **ManaraShiswa Municipality,Office Of Municipal Executive,Manara,Mahottari.**Bids must be valid for days mentioned in the table above after bid opening and must be accompanied by bid security through approved bank guaranteeor approved cash deposit voucher of bid security amount mentioned in the table above ,which shall be valid for 30 days beyond the validity period of the bid.

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

7 . If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and publicprocurement Regulations 2064, the provision of this document shall be void to the extent of suchinconsistency and the provision of PPA, PPR& their latest amendment prevail.

**Information to Deposit Cost Of Bidding Document & Bid Security Amount**

| Cash Deposit Of | Name Of The Bank | Account Name | Account No | |
|---|---|---|---|---|
| Bidding Document Fee | Laxmi Bank Ltd , Manara Branch, Mahottari | AANTARIK RAJASHWO KHATA GA-1.1 | 08403000047 | Amount: As Mentioned in the Table Above |
| Bid Security Amount | Laxmi Bank Ltd , Manara Branch, Mahottari | STHANIYA TAHA DHARAUTI KHATA GA-3 | 08403000193 | |

Chief Adminstrative Officer






# लिरिक परियोजनाको औरही पालिका स्तरीय तेश्रो पक्षीय सामाजिक लेखा परिक्षण सम्पन्न

■ घर्वेन्द्र कुमार यादव

औरही । औरही नगर पालिकामा जलवायु परिवर्तन प्रभाव न्यूनिकरणका लागि स्थानीय पहल (लिरिक) परियोजनाको पालिका स्तरीय तेश्रो पक्षीय सामाजिक लेखा परिक्षण बैठक आइतबार सम्पन्न भएको छ । सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिवास महोत्तरीले संचालन गर्दै आएको जलवायु परिवर्तन प्रभाव न्यूनिकरणका लागि स्थानीय पहल (लिरिक) परियोजनाको पालिका स्तरीय तेश्रो पक्षीय सामाजिक लेखा परिक्षण बैठक सम्पन्न गरेको हो । पैरवी मञ्चका अध्यक्ष नागदेव यादवको अध्यक्ष तथा औरही नगरपालिकाका नगर प्रमुख प्रदिप कुमार खड्काको प्रमुख आतिथ्यमा सम्पन्न सामाजिक लेखा परिक्षण बैठकमा औरही नगरपालिकाका वडा नं. ७ का वडाअध्यक्ष जितेन्द्र यादव, ९ का अध्यक्ष रघुनन्दन चौधरी, पैरवी मञ्चका संस्थापक एवं सल्लाहकार सोम बहादुर कार्की, आड्रा नेपालका लिरिक परियोजनाका कार्यक्रम संयोजक तिर्थ कुमार तिम्सिना, कार्यक्रम अफिसर आमोद गौतम, परियोजनाका एक्सपर्ट एवं रुपान्तरण नेपालका विराट पन्त, नगर पालिकाका स्वास्थ्य शाखा प्रमुख चन्द्रभुषण ठाकुर, शिक्षा, युवा तथा खेलकुद शाखाका धनबहादुर र ई, सूचना तथा संचार प्रविधि शाखाका मुकेश महतो, मञ्चका कोषाध्यक्ष सोममाया जिम्बा, सहसचिव निरु वाईवा, एडमिन म्यानेजर कृष्णदेव सुनैत, फाइनान्स अफिसर ज्योति मानन्धर, अनुगमन तथा मूल्यांकन अफिसर स्वीटी गुप्ता, कृषि प्राविधिक दिनेश यादव, ईन्जिनियर रामनाथ यादव, फिल्ड सहजकर्ता फुलबाबु यादव लगायत स्थानीय नवोदय सामुदायिक सिकाई केन्द्रका प्रतिनिधी, विद्यालयका प्रतिनिधी, परियोजना अन्तर्गत औरही नगर पालिकाका विभिन्न समूहका अध्यक्ष, पदाधिकारी, कर्मचारी लगायतको उपस्थिति रहेको थियो । बैठकमा जलवायु परिवर्तन प्रभाव न्यूनिकरणका लागि स्थानीय पहल (लिरिक) परियोजना अन्तर्गत संस्थाले औरही नगरपालिकामा गरेको कार्य, त्यसबाट भएको उपलब्धी, परियोजनाको दिगोपना र परियोजनामा हालसम्म भएको खर्चको विवरण सार्वजनिक गरिएको छ । सो बैठकमा परियोजनाका फिल्ड संयोजक पप्पु यादवले नगर पालिकामा परियोजनाबाट हालसम्म ४० महिनाको अवधीमा गरिएको कार्य, क्रियाकलाप, उपलब्धी, परियोजनाको दिगोपना र लागत खर्चको विवरण सार्वजनिक गर्नुभयो ।



उहाँका अनुसार औरही नगरपालिकामा परियोजना अन्तर्गत कुल विनियोजित रकम रु. ५८ लाख रुपैयाँमध्ये हालसम्म ४१ लाख ११ हजार ८ सय १९ रुपैयाँ खर्च भएको छ । परियोजनाको सम्झौता अवधी अझै दुई महिना बाँकी रहेको उहाँले बताउनुभयो । परियोजनाले निर्धारण गरेको लक्ष्य र उद्देश्य अनुसारका कार्यहरु अझै पनि निरन्तर चलिरहेको संयोजक यादवल जानकारी दिनुभयो । औरही नगरपालिकामा परियोजनाले मरहा नदी तटीय क्षेत्रको तल्लो तटीय र उपल्लो तटीय क्षेत्रका १६७ घरधुरीका १२५ महिला र ४२ जना पुरुष नागरिक समुहमा आबद्ध भएर लाभान्वित भएका छन् । फिल्ड संयोजक यादवका अनुसार औरहीको वडा नं. ७ मा एक वटा समूह, ८ एक वटा समूह ९ मा ५ वटा समूह गरी जम्म ७ वटा समूह मार्फत परियोजनाले जलवायु परिवर्तन प्रभाव न्यूनिकरणका लागि लक्षित विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । यता सो बैठकलाई सम्बोधन गर्दै पैरवी मञ्चका अध्यक्ष नागदेव यादवले जलवायु परिवर्तन प्रभाव न्यूनिकरणका लागि स्थानीय पहल (लिरिक) परियोजना अन्तर्गत धनुषा र महोत्तरी जिल्लाका ६ पालिकामा नदी प्रणालीसँग जोडिएर परियोजना लक्षित कार्यक्रम गर्दै आएको र यसले जलवायु परिवर्तन प्रभाव न्यूनिकरणका लागि समुदाय र पालिकास्तरमा परिवर्तनको अनुभूति गराएको बताउनुभयो । कार्यक्रममा सहभागी समूहका पदाधिकारीहरुले आफुहरुलाई यस परियोजनाले निकै सहयोग गरेको भन्दै खुशी व्यक्त गरेका थिए । स्थानीय एउटा समूहकी रुब्बीदेवी सदाले आफुले परियोजनाबाट पाएको बाख्राले आय आर्जनमा टेवा पुगेको बताईन् । परियोजना अन्तर्गत संस्थाले समूहहरुलाई विभिन्न प्राविधिक तालिम र सहयोग उपलब्ध गराउँदै आएको छ । परियोजनाले झोल मल मनाउने तालिम, जैविक विषादी बनाउने, टनेल खेती गर्ने, कृषि पाठशाला कार्यक्रम, खानेपानीको व्यवस्थापन तथा संरक्षण, सिंचाई, बाख्रा वितरण लगायतको कार्य जनसमुदाय र समूहको अगुवाई गर्दै आएको जनाएको छ । परियोजनाले विद्यालय, विभिन्न समूहहरुलाई प्राविधिक सामग्रीहरु समेत सहयोग गरेको जनाएको छ । युरोपियन युनियन र अष्ट्रियन विकास नियोगको आर्थिक सहयोग तथा आड्रा नेपाल, रूपान्तरण नेपाल तथा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिवास महोत्तरीको साझेदारीमा लिरिक परियोजना संचालनमा रहेको छ ।

# संघीय लोकतान्त्रिक गणतन्त्रलाई.........

राष्ट्रवादको ठूलो ठूलो नारा दिने, दौरा, सुरुवाल र टोपी लगाएर मधेशीलाई गाली गर्दै राष्ट्रवादीको नारा दिनेहरुले अहिले आफ्नै देशको नागरिकलाई भुटानी बनाएर उसको पनि व्यापार सुरु गरिसके । यसबाट नेपालको छवी अन्तर्राष्ट्रिय जगतामा धुमिलो बनेसँगै नेपालमाथि मित्रराष्ट्रहरुले पनि विश्वास गर्नसमेत छोडिसकेका छन् । देश भने विश्वासको संकटमा फसेको छ । विगतको गलत नीति र गलत योजनाका कारण देश अहिले आर्थिक संकट फस्दै गइरहेको बताउँदै उनले नेपालमा उपलब्ध स्रोत साधनलाई उत्पादनमुखि बनाएर अगाडि बढे गरिबी र बेरोजगारी अन्त्य हुने दाबी गरे । कृषि उत्पादन, गुणस्तर शिक्षा, रोजगारी सिर्जना प्रदेश सरकारका लागि अवसर र चुनौति दुबै रहेको अध्यक्ष यादवको भनाइ थियो । यादवले भने, 'नागरिकताको समस्या राजनीतिक समस्या छ । दुई/दुई पटक संसदबाट पारित भएपनि नागरिकता विधेयक राष्ट्रपतिको टेबलमा राखिएको छ । त्यसैले वर्तमान राष्ट्रपति रामचन्द्र पौडेललाई यथाशीघ्र नागरिकता विधेयक पारित गरेर संविधानको पालना गर्न आग्रह गर्दछु । आफ्नो देशको नागरिकलाई नागरिकता दिनु राज्यकै दायित्व छ । नदिए ठूलो अपराध हुन्छ ।' अध्यक्ष यादवले संघीय निजामति ऐन यसै संसदबाट पास गरेर कर्मचारी व्यवस्थापन, प्रशासन व्यवस्थापन र प्रहरी ऐन प्रदेश सरकारलाई हस्तान्तरण गर्नुपर्ने आवश्यकता रहेको पनि बताए । उनले यसै कार्यमाथि नै वर्तमान सरकारको भविष्य निर्भर रहेकोसमेत जिकिर गरे । मधेसी, जनजाति, दलित, महिला, थारु, सिमान्तकृत र बहिष्कृत समुदायका लागि राज्यले विशेष नीति र कार्यक्रम बनाउनु पर्ने आवश्यकता रहेको बताउँदै अध्यक्ष यादवले मधेसको विकासका लागि विशेष आर्थिक प्याकेजका साथ कामहरु पहिलो पटक यस वर्षको नीति तथा कार्यक्रममा समावेश गरिएको दाबी गरे । उनले यसलाई बजेटमा पनि यसै रुपले समावेश गर्नुपर्ने र राज्यको सबैभन्दा बढि लगानी मधेसको विकासका लागि हुनुपर्नेमा जोड दिएका छन् । यादवले संघ सरकारले ल्याउने आगामी बजेट, व्यवहार र कार्यान्वयनमा आउनु आवश्यक रहेको धारणा राखे । अर्को प्रसंगमा बोल्दै अध्यक्ष यादवले मधेस प्रदेशलाई आर्थिक, राजनीतिक र सांस्कृतिक रुपान्तरण गर्दै जागरुक, सुसंस्कृत, विकसित र समृद्ध प्रदेशको निर्माण आजको टडकारो आवश्यकता रहेकोसमेत बताए । उनले भने, 'मिथिलाको प्राचिन एवम् एतिहासिक गौरवलाई उजागर गरी संसारमा बेग्लै पहिचान बनाउनु पर्ने आवश्यकता छ । यस कार्यमा अन्य क्षेत्रका साथै पत्रकारलाई पनि यस अभियानमा सहभागी हुन अपिल गर्दछु । प्राचिनमा मिथिला कला संस्कृति मात्र नभई साहित्य र ज्ञान आर्जन गर्ने महत्वपूर्ण केन्द्रको रुपमा थियो । तर, वर्तमान मिथिला शिक्षामा सबैभन्दा पछाडि, आर्थिक रुपले सबैभन्दा बढि विपन्न एवम् सामाजिक सांस्कृतिक विकृतिबाट ग्रस्त बनेको देखिन्छ । तसर्थ समाजलाई रुपान्तरण गर्नुपर्ने आजको महत्वपूर्ण आवश्यकता छ । पत्रकार, साहित्यकार, कलाकार यसमा नलागेसम्म यसको उत्थान सम्भव छैन ।'

जन्म दर्ता किन गर्ने ?




बर्दिबास नगरपालिका
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, ललन मण्डल, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com